# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ४ चित्रेभञ्ज्याङ, स्याङ्गजा, फागुन ०२ गते, २०७७ संख्या : ६

## भाग २

स्थानीय सरकार
हरिनास गाउँपालिका
चित्रेभञ्ज्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

**हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।**

**हरिनास गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य कार्यक्रम कार्यन्वयन कार्यबिधि, २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य कार्यक्रम कार्यन्वयन कार्यबिधि, २०७७

**प्रस्तावनाः**

हरिनास गाउँपालिकाबाट यस गाउँपालिका भित्र स्वास्थ्य कार्यक्रमहरु थप गरि संचालन गर्न “म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य” कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि हरिनास गाँउपालिका, गाउँ कार्यपालिकाको मिति २०७७।१०।३० गतेको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "हरिनास गाउँपालिकामा संचालन हुने म स्वास्थ्य मेरो गाउँ पालिका स्वास्थ्य कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष" भन्नाले क्रमशः गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ग. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ. स्वास्थ्य शाखा भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखालाई र अधिकृत भन्नाले सो शाखामा कार्यरत अधिकृत कर्मचारीलाई बुझाउदछ ।

ङ. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४", सार्बजनिक खरिद ऐन २०६३ लगाएत प्रचलित ऐन हरुलाई सम्झनु पर्दछ ।

च. "कार्यविधि" भन्नाले "हरिनास गाउँपालिकामा संचालन हुने म स्वास्थ्य मेरो गाउँ पालिका स्वास्थ्य कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७" सम्झनु पर्दछ ।

छ. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज. "स्वास्थ्य कर्मचारी" भन्नाले गाउँपालिका/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत स्वास्थ्य सेवाका प्राबिधिक कर्मचारी सम्झनु पर्दछ ।

झ. स्वास्थ्य संस्था भन्नले स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/आधारभूत स्वास्थ्य सेवा केन्द्रलाइ सम्झनु पर्दछ ।

ञ. स्वास्थ्य समिति भन्नाले वडा स्थित संचालनमा रहेका स्वास्थ्य सस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ट. कार्यक्रम भन्नाले स्वास्थ्य संग सम्बन्धित कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

ठ. नसर्ने रोग भन्नाले मुटु, मधुमेह, दम, प्रेसर, मनोरोग / मानसिक रोग, क्यान्सर आदि नसर्ने प्रकृतिका रोगहरुलाई सम्झनु पर्छ ।

ढ. एम्बुलेन्स भन्नाले नाफा रहित बिरामीको सेवाको लागि आधिकारिक निकायमा दर्ता भै संचालनमा रहेका एम्बुलेन्सलाई सम्झनु पर्छ ।

३. **कार्यविधि लागू हुने क्षेत्र र सेवाः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) झ र स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७७ बमोजिम यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

४. **कार्यक्रम** (१) यस कार्यविधि बमोजिम हरिनास गाउँपालिका संचालन हुने स्वास्थ्य क्षेत्र संग सम्बन्धित बिभिन्न कार्यक्रम तालिम, स्वास्थ्य क्षेत्रसंग सम्बन्धित आर्थिक सहयोग,औषधि तथा औषधि जन्य सामाग्री खरिद ,जनचेतना मुलक गोष्ठी कार्यक्रम अन्तर्गत सुरक्षित गर्भ पतन,स्वास्थ्य सेवा तथा औषधि सम्बन्धि जनप्रतिनिधि सहितको नसर्ने तथा अब्य सेवा सम्बन्धि अभिमुखीकरण गोष्ठी कार्यक्रम,स्वास्थ्य क्षेत्रसंग सम्बन्धित संघ सस्था आदिलाई आबश्यक पर्ने सामाग्री एवंम नगद रकम गर्न सकिनेछ । संचालन गरिने कार्यक्रम अनुसूची (१) बमोजिम हुनेछ ।

क. कुनै संघ सस्थाले पाउने सुबिधा अनुसूची २ बमोजिम हुनेछ ।

ख. अनुसूची ४ (१) क बमोजिम अनुदान पाउन सक्ने स्वास्थ्य सेवा संघ सम्बन्धित संघ सस्थाले अनुसूची २ बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

२. स्वास्थ्य संस्थामा बिरामीको चाप तथा रोगको प्रकृति अनुसारका दिर्घ रोगहरुको लागि औषधि तथा औषधि जन्य सामग्री वितरण गर्न सकिनेछ ।

३. बिभिन्न स्वास्थ्य संग सम्बन्धित जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

४. स्वास्थ्य सस्थाहरुको लागि आबश्यक पर्ने औजार उपकरणहरु फर्निचर/फनिसिंगका सामग्री खरिद गर्न सकिनेछ ।

५. मेडिकल सामाग्रीको मर्मत सम्भार/खरिदको कार्यक्रम संचालन गरिने छ ।

६. नयाँ स्थापना भएका र संचालानमा रहेका स्वास्थ्य चौकी एवम सामुदायिक स्वास्थ्य इकाई /आधारभूत स्वास्थ्य केन्द्रको कार्यालय व्यवस्थापनमा सहयोग गर्न सकिनेछ ।

७. स्वास्थ्य सस्थाले अनुशुची ५ र ६ बमोजिमको ढाँचामा प्रतिबेदन गाउँपालिकामा प्रेषण गर्नु पर्नेछ ।

## ५ कार्यक्रम कार्यन्वयन प्रक्रिया :-

क. दफा ४ बमोजिमको कार्यक्रम छनौट/कार्यन्वयन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक "म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य" कार्यक्रम छनोट समिति हुनेछ ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | सह-संयोजक |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| ५. | अध्यक्षबाट मनोनित फरक दलको समेत प्रतिनिधित्व हुनेगरी कार्यपालिका सदस्य मध्येबाट कम्तिमा एक जना महिला पर्नेगरी २ जना | सदस्य |
| ६. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ७. | स्टोर /जिन्सी शाखा प्रमुख | सदस्य |
| ८. | स्वास्थ्य शाखा प्रमुख | सदस्य-सचिव |

ख. ५(क) बमोजिम गठित समितिको बैठक संयोजकको सरसल्लाह बमोजिम बस्नेछ ।

ग. समितिको बैठक सम्बन्धि कार्यविधि आफै तय गर्नेछ ।

घ. समितिले आबश्यक ठानेमा कसैलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ,

ङ. समितिबाट छनौट भै आएका दफा ४ बमोजिमका कार्यक्रमहरु कार्यलयबाट कार्यान्वयनमा लैजानु पर्नेछ ।

च. समितिले कार्यक्रमहरु छनौट गर्दा आबश्यक ठानेमा कुनै स्वास्थ्य सस्था वा निकायसंग माग गर्न पनि सक्ने छ ।

छ. खरिद लगाएतका कार्य गाउँपालिकाको कार्यालय मार्फत हुने छ ।

ज. सम्बन्धित कार्यालयहरुबाट सम्पादन गरिएका कार्यहरु तोकिए प्रतिबेदन गर्नु पर्नेछ

६. **विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा दुबिधा उत्पन्न भएमा थप व्याख्या कार्यपालिकाले गर्नेछ ।

८. **खारेजी र बचाउः-**

यस आगाडी भए गरेका कार्य यसै बमोजिम भएको मानिने छ । यस कार्यविधि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

९. **कार्यक्रम कार्यन्वयन प्रक्रिया :-**

क. दफा ४ बमोजिमको कार्यक्रम छनौट/कार्यन्वयन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक “म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य“ कार्यक्रम छनोट समिति हुनेछ ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | सह-संयोजक |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| ५. | अध्यक्षबाट मनोनित फरक दलको समेत प्रतिनिधित्व हुनेगरी कार्यपालिका सदस्य मध्येबाट कम्तिमा एक जना महिला पर्नेगरी २ जना | सदस्य |
| ६. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ७. | स्टोर /जिन्सी शाखा प्रमुख | सदस्य |
| ८. | स्वास्थ्य शाखा प्रमुख | सदस्य-सचिव |

ख. ५(क) बमोजिम गठित समितिको बैठक संयोजकको सरसल्लाह बमोजिम बस्नेछ ।

ग. समितिको बैठक सम्बन्धि कार्यविधि आफै तय गर्नेछ ।

घ. समितिले आबश्यक ठानेमा कसैलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ङ. समितिबाट छनौट भै आएका दफा ४ बमोजिमका कार्यक्रमहरु कार्यालयबाट कार्यान्वयनमा लैजानु पर्नेछ ।

च. समितिले कार्यक्रमहरु छनौट गर्दा आबश्यक ठानेमा कुनै स्वास्थ्य सस्था वा निकायसंग माग गर्न पनि सक्ने छ ।

छ.  खरिद लगाएतका कार्य गाउँपालिकाको कार्यालय  मार्फत हुनेछ।

ज.  सम्बन्धित कार्यालयहरुबाट सम्पादन गरिएका कार्यहरु तोकिए प्रतिबेदन गर्नुपर्नेछ

आज्ञाले,

**पर्शुराम उपाध्याय**

प्रमुख प्रशासकीय अधिकृत